## बेनी नगरपालिका

# गणित / विज्ञान अध्ययन लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि -२०७९

प्रमाणिकरण मितिः-२०७९।०८/०५

**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी,म्याग्दी**

सुरत के.सी.
नगर प्रमुख

शिक्षा संकायमा गणित / विज्ञान विषय लिइ अध्ययन गर्ने लक्षित विद्यार्थीका लागि छात्रवृत्ति कार्यान्वयन कार्यविधि -२०७९

**प्रस्तावना**

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकाहरुलाई टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकालाई छात्रवृत्ति गराउने उद्देश्यले नेपाल सरकारको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार ,स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ उपदफा ( २) ज( १६) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्वन्धी अधिकार तथा बेनी नगरपालिकाको शिक्षा ऐन ,२०७४ को दफा १८ उपदफा ( ५) को ब्यवस्थालाई कार्यान्वयन गर्न बान्छनिय भएकोले बेनी नगरपालिकाको शिक्षा ऐन ,२०७४ को दफा ४० उपदफा ( १) ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाको बैठकले " अति वित्पन्न जेहेन्दार दलित छात्रवृत्ती कार्यान्वयन कार्यविधि -२०७९ " जारी गरेको छ ।

परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम - शिक्षा संकायमा गणित / विज्ञान विषय लिइ अध्ययन गर्ने लक्षित विद्यार्थीका लागि छात्रवृत्ती कार्यान्वयन कार्यविधि -२०७९" रहनेछ ।

१.२ कार्यविधि बेनी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात यो कार्यविधि कार्यान्वयनमा आउने छ ।

१.३ यो कार्यविधि बेनी नगरपालिकाका बासिन्दाहरुको मात्र लागु हुनेछ ।

**२ परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

लक्षित वर्ग भन्नाले बेनी नगरपालिमा स्थायी बासिन्दा भै कक्षा ११/१२ को हकमा गणित वा विज्ञान विषय सहित शिक्षाशास्त्र संग सम्बन्धित कम्तिमा कुनै एक विषय अध्ययन गर्ने र स्नातक तहको हकमा शिक्षाशास्त्र संकायमा गणित वा विज्ञान विषय लिएर बेनी नगरपालिका भित्रका सामुदायिक शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई जनाउने छ ।

परिच्छेद २

**३ उद्देश्यहरु**

यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छ ।

सुरत के.सी.

सुरत के.सी.
नगर प्रमुख

क) +२ वा सो सरह र स्नातक तहमा शिक्षा संकायमा गणित वा विज्ञान विषय लिएर अध्ययनरत लक्षित वर्गका विद्यार्थीहरु पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गर्ने ।

ख) छनौट भएका लक्षित विद्यार्थीहरुलाई गणित वा विज्ञान विषयको उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद ३
## छात्रवृत्ति सम्बन्धी व्यवस्था

**४ विद्यार्थी छनोट प्रक्रियाः** कक्षा ११/१२ र स्नातक तहमा शिक्षा विषय सहित गणित वा विज्ञान विषय लिएर अध्ययनरत लक्षित वर्गका विद्यार्थीहरु बाट अनुसुची १ अनुसार निवेदन ढाँचामा निवेदन संकलन गर्ने र निवेदकहरुले पेश गरेको कागजातहरुको अध्ययन गरि नगर शिक्षा समितिबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गरिनेछ ।

**५ छात्रवृत्ति रकम** : विद्यालयमा अध्ययनरत लक्षित वर्गका विद्यार्थीहरुलाई विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति प्रदान गर्ने नीति नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी तोकिएको रकम नै छत्रवृत्ति वितरणको रकम हुने छ । विनियोजित वजेटको उपलब्धता र प्राप्त निवेदन समेतलाई आधार मानि नगर शिक्षा समितिले छनौट गरेको संख्याको आधारमा प्रति व्यक्ति वार्षिक न्युनतम १० हजार देखि अधिकतम २५ हजार सम्म छात्रवृत्ति उपलब्ध गराईने छ ।

**६ छात्रवृत्ति प्राप्त गर्न निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

कार्यालयबाट छात्रवृत्ति वितरण सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ । ईच्छुक व्यक्तीले अनुसूची १ अनुसार ढाँचामा तोकिएको कागजातहरु सहित निवेदन पेश गर्नुपर्ने छ ।

**७ छात्रवृत्ति रकम निकासा**

निवेदकको छानविन शिक्षा समितिबाट हुनेछ ।शिक्षा समितिबाट सिफारिस भई आए पछि वार्षिक स्वीकृत बजेटबाट विद्यार्थीको तोकिएको रकम बैंक खातामा निकासा दिईनेछ ।उक्त रकम गणित वा विज्ञान विषय अध्ययनमा खर्च गर्नुपर्ने छ ।

**८ यस कार्यविधि बमोजिम हुने :**

यस कार्यविधिमा उल्लिखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

सुरत के.सी.
नगर प्रमुख

# अनुसूची १

गणित /विज्ञान अध्ययन लक्षित छात्रवृत्ति निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी ,म्याग्दी

विषयः- छात्रवृत्ति सम्वन्धमा

बेनी नगरपालिकाको मिति ...............को सूचना बमोजिम ----------- तह र ------विषयको अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति पाउन मेरो ब्यक्तिगत ,संस्थागत र अन्य विवरण खुलाई तहाँ कार्यालय समक्ष यो निवेदन पेश गरेको छु ।

१. ब्यक्तिगत विवरण

क नाम

ख ठेगाना

ग वैवाहिक स्थिती : विवाहित / अविवाहित

घ विवाहित भए :पतिको नामः

ङ पिताको नाम च आमाको नामः

छ + २ वा सो सरह पढेको शिक्षण सस्था

ज स्नातक / स्नातकोत्तर अध्ययन गरेको शिक्षण सस्था

१. क्याम्पस नाम

२. क्याम्पस प्रकार :सामुदायिक/ निजि ठेगाना

झ रोजगार अवस्था : रोजगार /बेरोजगार

ञ रोजगार भए : रोजगार दाताको नाम

ठेगानाः

सुरत के.सी.
नगर प्रमुख

२ शैक्षिक विवरण:

| क्र .स | अध्ययन गरेको गरेको शिक्षण सस्था | विषय | उत्तिर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३ अध्ययन लागत :

अध्ययन मासिक शुल्क

४ माथी उल्लेख गरेको व्यहोरा ठीक /साचो छ ।झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क नं :

| दाँया | बाँया |
|---|---|
| | |

नोटः निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१ नागरिकताको प्रतिलिपि

२ वडाको सिफारिस

३ शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु

४ विद्यालय/ क्याम्पस भर्ना भएको रसिद प्रतिलिपि

५ सम्बन्धित विद्यालय /क्याम्पसबाट शिक्षा विषय सहित गणित वा विज्ञान विषय अध्ययनरत रहेको सिफारिस पत्र

६ आफ्नै नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपि

सुरत के.सी.
नगर प्रमुख